कमलामाई नगरपालीका
नगर कार्यपालिकाको कार्यालय,
सिन्धुली
३ नं. प्रदेश नेपाल

तेश्रो पटक प्रकाशित मिति : ०७५।०७।१६

आन्तरिक आयतर्फको शिलबन्दि बोलपत्र आव्हान सम्बन्धी सूचना
जिल्ला भित्र र वाहिर
(ढुङ्गा, वालुवा, गिट्टी एवं रोडा विक्री र संकलन शुल्क )

स्थानीय निकाय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका आन्तरिक आय संकलनको (ठेक्का वन्दोवस्त) कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र नगरकार्यपालिको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक अंङ्कमा नघट्ने गरी आ.व. ०७५।०७६ (जेष्ठ मसान्त सम्म) को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म (अनिवार्य रुपमा मू.अ. कर र पानमा दर्ता भएका) हरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित अनुसार कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी शिलबन्दि बोलपत्र यस कार्यालयमा दर्ता गर्न हुन अनुरोध छ ।

**तपशिल**

| आय ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | संकलन र त्रिक्रि गर्न पाउने अधिकतम परिमाण (वार्षिक) क्यु.फिट | घाट गद्धि संकलन र त्रिक्रि गर्न पाउने सहित प्रति क्यु.फिट | | संकलन तथा विक्रि शुल्क वापत हुने कुल न्यूनतम अंक ( भ्याट र कर वाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | दुई वटा वोलपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| २। ०७५।०७६ | Package N 1 | | संकलन | विक्रि | | | | |
| भिमान खोला ,कमला खोला र चदहा खोला | | २२८६०४८.७४ | ३ | ६ | २०५७४४३८।६९ | ५०००।० | कवोल अंक को ५% | १५ औ दिन कार्यालय समय भित्र |
| Package N 2 | | | | | | | | |
| मरिन खोला व.नं. १,धनमाना खोला, जिर्घा खोला, बुका खोला ,ग्वाग खोला, गडौली खोला ,धमिले खोला र,लव्दाहा खोला | | २००५९००.८५ | ३ | ६ | १८०५३१७०।६३ | ५०००।० | कवोल अकको ५ % | १५ औ दिन कार्यालय समय भित्र |

<u>ठेक्का सम्बन्धी शर्तहरु :</u>

(१) उल्लेखित Package N 1 / Package N 2 ठेक्काको बोलपत्रहरु फाराम खरिद को लागि यस कार्यालयको राजस्व उप शाखा वाट वोलपत्र दस्तुर वापत काटिएको नगदि रसिद , आ.व.०७४।०७५ मा फर्म वा कम्पनी को नविकरण भएको व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बरको प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि सहित १५ औ दिन सम्म कार्यालय समय भित्र छुट्टा , छुट्टै वोलपत्रहरु खरिद गर्न सकिने छ ।

(२) वोलपत्रमा आधिकारिक व्यक्तिले सहि छाप गरि प्रत्येक प्याकेजकको छुटा , छुट्टै शिलवन्दि सहित वोलपत्र भरी तोकिएको समय भित्र पेश गर्नु पर्नेछ ।

(३) कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

(४) खरिद भएका बोलपत्रहरु खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमामा दर्ता गरी सक्नु पर्ने छ । उपरोक्त वमोजिमका आय ठेक्का PPMO को वेभसाईट http: // www. bolpatra .gov.np./egp/ वाट E-Bidding मार्फत वोलपत्र खरिद गरी पेश गर्न समेत सकिने छ ।

(५) धरौटी वापत कवोल अंकको नेपाली भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम यस कार्यालयको रा.वा.वैक शाखा स्थित धरौटि खाता नं. १०६०३०३००७१०२ (ग ३ १) मा नगद जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मिति वाट १२० दिन सम्म म्याद भएको वैक जमानत (विड वन्डको सक्कल प्रति) वोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त धरौटि रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।

(६) बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमशः गरिने छ । रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि एवं ठेकेदारहरुको रोहवरमा कमलामाई नगरकार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ ।

(७) बोलपत्र दाखिला गर्दा फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बरको प्रमाण-पत्र, आ.व. ०७४।०७५ को कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्बन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्वःघोषणा-पत्रको सक्कल प्रति समेत बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

(८) बोलपत्र फारामहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्ट सँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइने छ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

(१०) कूल ठेक अंक सम्झौता गर्नु अगावै नगद दाखिला गर्नु पर्ने छ । एक मुष्ठ रकम नवुझाएमा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाउमा जारी गरेको ०७६ साल आषाढ मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी (परफरमेन्सवण्ड) ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरि चलान पूर्जि दिईनेछ ।

(११) बोलपत्र स्वीकृत भएपछि बाटोको म्याद वाहेक सूचना प्राप्त भएको वा घर दैलोमा सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र ठेक्का पट्टा वा चलानी पूर्जी लिन आउनु पर्ने छ । नआएमा वा दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा तोकिए वमोजिमको परफर मेन्सवण्ड र अन्य आवश्यक पर्ने कागजातहरु पेश गर्न नसकेमा धरौटी रकम जफत गरिने छ ।

(१२) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन ।

(१३) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

(१४) ढुङ्गा, बालुवा गिट्टी झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्ने छ । ढुङ्गा, बालुवा, गिट्टी लिन कुनै व्यक्ति वा निकायको निजि जग्गा वा वन क्षेत्र भएर जानु पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृत लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनु पर्ने छ ।

(१५) ढुङ्गा, बालुवा, गिट्टी स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित सुझाब अनुरुप मात्र निकाल्नु पर्ने छ ।

(१६) घाटको सिमाना, IEE प्रतिवेदनका सुझाव, दररेट एवं अन्य ठेक्का सम्बन्धी केही बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

(१७) पुल, कल्भर्ट, कज्वे, सडक बाटो कुलो तथा सार्वजनिक निर्माण स्थलबाट तल माथि ५०० मी. भित्र ढुङ्गा, बालुवा, गिट्टी आदि निकाल्न पाइने छैन ।

(१८) नदी खोलाको घाट वा आकृती विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुङ्गा तोड्न वा फोड्न पाइने छैन । साथै ढुङ्गा, गिट्टी, बालुवा झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाईएको छ । (यस सम्बन्धमा कुनै विवाद आएमा नगरकार्यपालिका निर्णय वमोजिम हुने छ )

(१९) नेपाल सरकार, जिल्ला अनुगमन समिति तथा यस कार्यालयले ठेक्का संचालन सम्बन्धमा समय-समयमा दिईएका नीति निर्देशनहरु ठेकेदारले पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।

(२०) भिजेको चिसो बालुवाबाट पानी बगी बाटो बिगार्ने भएकाले चिसो बालुवा ढुवानीमा पूर्ण रोक लगाईएको छ । सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्ने छ । खोलावाट उत्खनन गरिएका ढुङ्गा,वालुवा,गिट्टि घाट गद्धि गरे पश्चातमात्र विक्रि वितरणको प्रबन्ध मिलाउनु पर्ने छ ।

(२१) घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नु पर्ने छ ।

(२२) बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य तालिका पेश गर्नु पर्ने छ ।

(२३) कामदारहरुका लागि प्राथमिक उपचार, मास्क, हेल्मेट आदिको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं व्यक्ति/फर्मले नै गर्नु पर्ने छ ।

(२४) गत विगत वर्षहरुमा कमलामाई नगरकार्यपालिका लाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने व्यक्ति तथा फर्महरुले रकम बुझाएपछि मात्र ठेक्कामा भाग लिन पाउने छ ।

(२५) बोलपत्रमा संलग्न विवरण अनुसार नबढने गरी ढुंगा, गिटी, बालुवा निकाल्नु पर्ने छ । नेपालसरकाले रोक लगाएको अवधिमा नदिवाट संकलन गर्न पाईने छैन ।

(२६) स्वीकृत IEE को प्रतिवेदन प्रतिवेदनमा उल्लेख भएका प्रावधानलाई समेत आधार मानी उल्लेखित रकममा नघटने गरी संकलन र बिक्री गर्नु पर्ने छ ।

(२७) यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा कमलामाई नगर कार्यपालीका को कार्यालय, सिन्धुलीमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिने छ ।

## आय ठेक्का सम्बन्धी थप अन्य शर्तहरु :

(१) वुदा नं. १० मा उल्लेखित अनुसार ठेक स्वीकृत रकम सम्बन्धी अंक एक मुष्ठ रकम नवुझाएमा आय रकमको भुक्तानी तालिका निम्न अनुसार गर्नु पर्ने छ । र निम्न अनुसार तोकिएको समय सिमा भित्र तोकिएको किस्ता रकम वुझाउनु पर्ने छ । अन्तिम किस्ता रकम रकम समेत तोकिएको समयमा नवुझाएमा वैकवाट यस कार्यालयको नाउमा जारी गरि सम्झौतामा पेश गरिएको कार्य सम्पादन जमानतवाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिने छ । सो असुल उपरमा ठेकेदारले कुनै किसिमको हर्जाना दावि गर्न पाउने छैन ।

तपसिल :

| किस्ता | किस्ता वुझाउनु पर्ने मिति | रकम | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का सम्झौता को बखत | कवोल अंक को ३० पतिशत | |
| दोश्रो | २०७५ साल माघ मसान्त भित्र | कवोल अंक को ४० पतिशत | |
| तेश्रो | २०७६ जेष्ठ मसान्त भित्र | कवोल अंक को ३० पतिशत | |

(२) ठेकेदारले वन जंगल हानी नोक्सानी हुन नदिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।

(३) ठेकेदारले जंगली जनावर तथा पशुपंक्षीहरुलाई तर्साउने, जाल थाप्ने तथा चोरी शिकारी हुन नदिने गरी ढुंगा, गिटी, बालुवा, झिक्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) ठेकेदारले नदीको प्राकृतिक बहाव नखल्बलिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।

(५) ठेकेदारले व्यक्ति तथा समुदायबाट निर्माण गरिएका भौतिक संरचनाहरुको हानी नोक्सान हुन नदिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।

(६) ठेकेदारले ढुंगा, गिटी, बालुवा झिक्दा कामदारको रुपमा भरसक स्थानीय समुदायलाई रोजगारी दिने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने छ । ठुला मेशिन प्रयोग गर्न पाईने छैन ।

(७) ठेकेदारले जलचर तथा माछाहरुलाई प्रतिकूल प्रभाव नपर्ने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।

(८) नदीको किनाराबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खन खोरस गरी ढुंगा, गिटी बालुवा झिक्न पाइने छैन । चुरे सरंक्षण क्षेत्रमा चुरेलाई हानि पुग्ने गरि ढुङ्गा,वालुवा, गिट्टि उत्खनन गर्न पाउने छैन ।

(९) गाडीमा प्रयोग हुने इन्धन तथा लुब्रिकेट्श खोलामा मिसाउन पाउने छैन ।

(१०) ठेकेदारले स्थानीय मागको आपूर्तिलाई प्राथमिकता दिनु पर्ने छ ।

(११) ठेकेदारले कार्यालयले तोकेको प्राविधिकको निर्देशनमा ढुंगा, गिटी, बालुवा झिक्नु पर्ने छ ।

(१२) ठेकेदारले सामाजिक मूल्य मान्यतामा नकारात्मक असर पर्ने कुनै क्रियाकलाप गर्न पाउने छैन ।

(१३) आयकर १.५ र मू.अ. कर १३ % ले हुने रकम किस्ता बुझाउँदा दामाशाहीले यस कार्यालयमा नै ठेकेदारले बुझाउनु पर्ने वा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर रकम समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

(१४) ठेकेदारले नेपाल सरकारको प्रचलित ऐन, नियम, नीति, निर्देशनको पूर्णरुपमा पालना गरी ढुंगा, गिटी, बालुवा, झिक्नु पर्ने छ ।

(१५) सम्झौता अनुसार ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्धारा तोकिएको दररेट सहितको साईन वोर्ड सवैले देख्ने गरि सम्बन्धीत केन्दमा नै राख्नु पर्ने छ ।

(१६) सम्झौता अनुसार तोकेको कर उठाउदा प्रयोग गर्ने संकलन तथा विक्रि तर्फका रसिदहरु ठेकेदारले स्वय छुटा,छुटै छपाई उक्त रसिदहरु यस कार्यालय राजस्व उपशाखा वाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नभएको रसिदवाट कर उठाईएको पाईएमा निमय अनुसार कारवाही हुने छ । पुन : रसिद प्रयोगको लागि प्रयोग भएको अर्धकट्टि रसिद हरु यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

(१७) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

(१८) धरान -चतरा -हेटौडा सडक आयोजनाले छुट्टै IEE गरी उत्खनन गरीरहेको क्षेत्रवाट ढुङ्गा ,गिट्टि, वालुवा संकलन तथा विक्रिको लागि दावि गर्न पाईने छैन ।

(१९) प्रचलित ऐन ,नियम ,कानून र सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जनुसुकै अवस्थमा कार्यालयले ठेक्का तोडन सक्नेछ र त्यसवाट कार्यालयलाई कुनै हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी वाकी सरह असुल उपर गरिने छ ।

(२०) अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुने छ ।